# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/०७/२५

## भाग-२
## सुर्यगढी गाउँपालिका

सुर्यगढी गाउँपालिकाको व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यविधि, २०७९ सम्बन्धमा सुर्यगढी गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०७/२४**

**सम्बत २०७९ सालको कार्यविधि नं. : ०२**

# व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यविधि, २०७९

## प्रस्तावना:-

सुर्यगढ़ी गाउँपालिकाले आ.व २०७९/८० को नीति तथा कार्यक्रमको आर्थिक विकास अन्तर्गत (क)को बुदा नं १४ मा **दुध संकलन केन्द्र तथा दुध चिस्यान चिलिंग भ्याट कार्यक्रमलाई जोड दिईने साथै दुध संकलन गर्दा किसानलाई प्रति लिटर रु ५ अनुदान दिईने व्यवस्था गरिने छ** भन्ने उल्लेख भएकोले यसका लागि वित्तीय श्रोतको परिचालन गर्दै निर्वाहमुखी पशुपालन प्रणालीलाई आधुनिकीकरण ,विविधिकरण , व्यवसायीकरण गरि प्रतिस्पर्धात्मक ढंगबाट दुध आयातलाई प्रतिस्थापन गरि दुध निर्यात गरेर दुध तथा दुग्ध व्यवसायमा संलग्न कृषकहरुको आयस्तर वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा सकरात्मक योगदान पुर्याउन उक्त व्यवस्था कार्यान्वयन गर्न साथै सामुहिक तथा व्यवसायिक कृषि प्रणालीलाई प्रोत्साहन गर्दै पशु पालन गर्ने लाई अनुदान तथा ऋण दिने व्यवस्था अवलम्बन गर्न ,कृषक पशुपालनमा प्रोत्साहन गर्न वान्छनीय भएकोले सुर्यगढ़ी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन२०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही **"व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यविधि ,२०७९" बनाई** अनुदान बितरण प्रकृयालाई अझ व्यवस्थित ,सरल ,प्रभावकारी तथा पारदर्शी बनाउन यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ |

### परिच्छेद १

**(१) सन्क्षिप्त नाम र प्रारम्भ :-**

(क) यो कार्यविधिको नाम **"व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यविधि,२०७९"** रहेको छ |

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ |

**(२) परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले सुर्यगढ़ी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ,चोकदे नुवाकोट लाई सम्झनु पर्दछ |

(ख) **"कार्यविधि"** भन्नाले कार्यालयले तयार परेको "व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यविधि ,२०७९" सम्झनु पर्दछ |

(ग) **"दुध"** भन्नाले दुधालु गाई /भैसी को कल्चौडाबाट प्राप्त हुने ताजा यस सेतो तरल पदार्थ जुन बिज्ञानले परिभाषा गरे अनुसारको तरल पदार्थलाई सम्झनु पर्दछ |

(घ) **दुग्ध उत्पादक कृषक** भन्नाले यस कार्यविधि अनुसार यस क्षेत्र भित्र रहेका गाई/भैसी पालन व्यवसाय गरि दुध विक्री वितरण गर्ने किसान, कृषि सहकारी संस्था लि.,निजि डेरी, दुध संकलन केन्द्रका संकलक लाई सम्झनु पर्दछ |

(ङ) "**व्यवसायिक किसान**"भन्नाले दुध तथा दुग्ध पदार्थ उत्पादन , प्रशोधन र बजारीकरण गर्ने गरि गाई/भैसी /बाख्रा पाल्ने र दुध उत्पादन गर्ने व्यक्ति ,समुह,सहकारी वा संस्था समेतलाई सम्झनु पर्दछ |

**(३) उदेश्य :** यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ |

(क) अनुदान बितरण नीतिलाई प्रक्रियामुखीबाट परिणाममुखी तर्फ लैजाने |

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिठिष्ट एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने |

(ग) अनुदानको सहि ,दक्ष र प्रभावकारी रुपमा बितरण, उपयोग र सदुपयोग गर्ने |

(घ) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने |

(ङ) दुधमा आत्मनिर्भर बन्न |

(च) उत्पादनको आधारमा कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउने |

## परिच्छेद -२

## सस्थागत व्यवस्था

**(४) निर्देशक समितिको गठन :**

(क) दुध उत्पादन अनुदान सम्बन्धि कार्यको निर्देशन गर्न देहाय बमोजिमको एउटा निर्देशक समिति गठन हुनेछ |

**(१) गाउँपालिका अध्यक्ष: संयोजक**
**(२) गाउँपालिका उपाध्यक्ष: सदस्य**
**(३) प्रमुख प्रशासकीय अधिकृत : सदस्य**
**(४) लेखा अधिकृत : सदस्य**
**(५) वडा अध्यक्ष (५ वडा )-सदस्य**
**(६) पशुपन्क्षि शाखा प्रमुख :-सदस्य सचिब**

(ख) निर्देशक समितिको काम,कर्तब्य र अधिकार :

(१) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा औचित्य र कारण सहित गाउँ कार्यपालिकामा पेश गर्ने |
(२) कार्यविधिको कार्यान्वयन गर्ने शिलशिलामा कुनै द्विविधा उत्पन्न भएमा अन्तिम निर्णय गर्ने |
(३) समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा कार्यान्यवन अगाडी बढाउने |
(४) अनुदान रकमको प्रभावकारिता विषयको स्थलगत अध्ययन अनुगमन गर्ने |

**(५) समन्वय तथा अनुगमन समितिको गठन :**

(क) दुध उत्पादन अनुदान सम्बन्धि कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ |

**(१) गाउँपालिका उपाध्यक्ष: संयोजक**
**(२) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी :- सदस्य**
**(३) सामाजिक विकास समिति संयोजक : सदस्य**
**(४) सम्बन्धित वडा अध्यक्ष (५ वडा )-सदस्य**
**(५) पशुपन्छी शाखा प्रमुख : सदस्य सचिब**

**(ख) समन्वय तथा अनुगमन समितिको काम,कर्तब्य र अधिकार:**

(१) यस कार्यविधि बमोजिम गर्नुपर्ने कार्यको समन्वय गर्ने |
(२) अनुदान रकमको सहि सदुपयोग भएको नभएको अध्ययन गरि सिफारिस सहित निर्देशक समितिलाई पेश गर्ने |
(३) संचालित कार्यक्रमको मासिक अनुगमन गरि प्रतिबेदन पेश गर्ने |

**(६) दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति ,समुह ,सहकारी वा सस्था ,निजि डेरीको काम ,कर्तब्य र अधिकार :**

(क) कृषकहरुले बिक्रीको लागि ल्याएको दुध खरिद गरि लिने र रेकर्डको लागि दैनिक दुध खरिद बिक्रि सम्बन्धि रजिष्टर तयार पारि दुरुस्त अभिलेख राख्ने र सम्बन्धित दुध बिक्रि गर्ने कृषकहरुलाई पनि दैनिक पासबुकमा भरि दिने व्यवस्था मिलाउने |

**(७) दुध उत्पादक कृषकको काम ,कर्तब्य र अधिकार :-**

क) दैनिक कृषक पासबुक दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति ,समुह ,सहकारी वा सस्था ,निजि डेरी हरु लाई भर्न लगाउनु पर्ने छ |

ख) मासिक तथा चौमासिक रुपमा कृषक पासबुक सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित गराई वडा सिफारिसका साथ शाखामा बुझाउनु पर्ने छ |

**(८) सुर्यगढ़ी गाउँपालिका गाउँकार्यपालिकाको काम ,कर्तब्य र अधिकार : देहाय बमोजिम रहनेछ |**

(क) सिफारिस साथ प्राप्त भएको खरिद बिक्रि सम्बन्धि अभिलेखको आधारमा दुधको अनुदान बजेट शिर्षकवाट खर्च लेखि सम्बन्धित व्यक्ति ,समुह,सहकारी,वा सघंसस्थां जसलाई दिनुपर्ने हो उसलाई दुधको अनुदानको रकम प्रति लिटर रु ५ का दरले उपलब्ध गराई सोको लेखा राख्ने |

(ख) दफा (७) उपदफा (ख) बमोजिम दुध उत्पादक कृषकहरुलाई उपलब्ध गराईएको दुधको अनुदान रकमको विवरण चौमासिक रुपमा कार्यपालिका समक्ष पेश गर्ने |

(ग) यो कार्यविधिको प्रभावकारी रुपले कार्यान्यवन गर्नको लागि आवस्यक नियमन ,निरिक्षण तथा सुपरिबेक्षण गर्ने |

(घ) निरिक्षण गर्दा उदेश्य अनुरुप भएको नपाईएमा प्रचलित नियम कानुन बमोजिम कारवाही गर्ने |

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रक्रिया

(९) **प्रस्ताव आह्वान**: दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति ,समुह ,सहकारी वा सस्था ,निजि डेरी हरु र दुध उत्पादक कृषक हरुलाई कार्यक्रम मा सहभागी हुन भनि अनुसूची १ बमोजिम १५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ |

(१०) **प्रस्ताव दर्ता** : दफा ९ बमोजिमको समयवधीभित्र दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति ,समुह, सहकारी वा संस्था, निजि डेरीहरु र दुध उत्पादक कृषकहरुले अनुसूची ५ बमोजिम दिएको आबेदन पत्र साथ सम्बन्धित आवस्यक कागजात र वडा सिफारिस पत्र संग्लग्न गरि गाउँपालिका वा पशु विकास शाखामा दर्ता गर्नुपर्ने छ | वडा सिफारिसका आधारमा सम्पूर्ण दुध उत्पादक कृषकलाई यस कार्यक्रम मा सहभागी गराईनेछ |

## परिच्छेद -४

## आर्थिक पक्ष:

**(११) दैनिक, मासिक र चौमासिक दुध खरिद बिक्रि सम्बन्धि कृषक पासबुक अभिलेख प्राप्त भएपछी पशुपन्छी शाखाले आवश्यक निरिक्षण गरि रकम भुक्तानीको लागि चौमासिक रुपमा सिफारिस साथ गाउँपालिकामा पठाउनु पर्ने छ ।**

**(१२) अनुदान रकम सम्बन्धित दुध उत्पादक कृषकको को बैंक खातामा पठाईने छ |**

**(१३) कार्यविधि पास भएको आर्थिक बर्ष देखि अथवा श्रावण महिना देखि कै अनुदान रकम कृषकहरु लाई उपलब्ध गराईनेछ |साथै कृषक अभिमुखीकरण तालिम , कृषक पासबुक बितरण गाउँपालिकाबाट विनियोजित बजेटवाट गरिनेछ |**

## परिच्छेद -५
## बिबिध

(१४) **गुनासो सम्बन्धि व्यवस्था** :- यस कार्यविधिको कार्यान्यवन को क्रममा तोकिए बमोजिम अनुदान रकम प्रवाह नगरेको दुध उत्पादक व्यवसायीले अनुदानको रकम पाएको नपाएको वा अनुदान रकम वितरणमा समस्या लगायतका गुनासो सुन्ने तथा सोकोआधारमा आवस्यक काम कारवाही अगाडी बढाउने कार्य समेत निर्देशक समितिले गर्नेछ |

(१५) **संसोधन तथा हेरफेर** : सुर्यगढ़ी गाउँपालिका गाउँकार्यपालिकाले यस कार्यविधिको अनुसूचिमा आवस्यकता अनुसार संशोधन एवं हेरफेर गर्न सक्ने छ |

(१६) **कार्यक्षेत्रमा असर नपर्ने** :

(क) यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका बिषयहरु निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(ख) यस गाउँपालिका बाहिरबाट उत्पादित तथा संकलित दुधको हक मा यस गाउँपालिका वाट प्राप्त गर्ने अनुदान रकम पाउने छैन | साथै गा.पाको कुनै एक सकलन केन्द्र बाट संकलन गरि अर्को संकलन केन्द्रसम्म पुर्र्याउदा दोहोरो नपर्ने गरि अनुदान रकम बितरण गरिनेछ | यदि कसैले यस्तो गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ |

(ग) कृषकले दुध बिक्रि गर्दा अनिवार्यरुपमा यस सुर्यगढ़ी गाउँपालिकामा रहेका कानुनबमोजिम दर्ता भएका संकलक केन्द्रहरुमा बिक्रि गरेको हुनु पर्नेछ |

## अनुसुचि १

**दुध उत्पादक कृषक / समुह /निजि डेरी / सकलक व्यक्ति/ सहकरी सस्था हरुका लागि प्रस्ताव आह्वनको ढाँचा**

प्रथम पटक प्रकाशित मिति:- ......................

सुर्यगढ़ी गाउँपालिकाको आ.व ............ को स्वीकृत बार्षिक बजेट कार्यक्रम अनुसार दुधमा आधारित बितरण कार्यक्रममा स्थानीय निकायमा वा कानुन बमोजिम सरकारी निकायमा दर्ता भएका समुह /निजि डेरी / सकलक व्यक्ति/ सहकरी सस्था हरुले सहभागी भई तहाँ नियमित रुपमा दुध बिक्रि गरिरहेका दुध तथा दुग्ध पदार्थ उत्पादक कृषक हरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिका वा पशु विकास शाखामा अनुसूची २  बमोजिम आबेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ |

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची २

## दुध उत्पादक कृषक / समुह /निजि डेरी / सकलक व्यक्ति/ सहकारी  सस्थाले दिने आबेदन पत्रको ढाँचा

मितिः- .......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु ,
सुर्यगढ़ी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोकदे ,नुवाकोट

बिषय :- कार्यक्रममा सहभागी हुन् पाउँ ।

प्रस्तुत बिषयमा मिति .............................प्रकाशित सूचना अनुसार यस व्यवसायिक पशुपालक कृषक दुध उत्पादनमा आधारित अनुदान बितरण कार्यक्रममा सहभागी हुन् चाहेकोले  सो प्रयोजनका लागि तपशिल अनुसारको   बिबरण  र अन्य आवस्यक कागजात समेत सग्लग्न गरि आवेदन पेश गरेका छौ |

**तपशिल :-**

**(१) सस्था  दर्ता प्रमाणपत्रको प्रतिलिपि |(फर्म दर्ता वालाको हकमा )**

**(२) कर चुक्ता को प्रमाणपत्र प्रतिलिपि ||(फर्म दर्ता वालाको हकमा )**

**(३) कृषकको बिबरण :- कृषकको नागरिकता प्रतिलिपि, पशुको फोटो |**

**आवेदक**
नामथर:
ठेगाना:
सही छाप:

# अनुसूची ३

# कृषक पासबुक

सुर्यगढ़ी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे नुवाकोट

डेरीको नाम :-
कृषकको नाम :- ठेगाना :- फोन नं :-
नागरिकता नं :-

| मिति | बिहानको दुध परिमाण (लि) | फ्याट प्रतिशत | रकम | बेलुकाको दुध परिमाण | फ्याट प्रतिशत | रकम | संकलक व्यक्तिको सहि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

कृषकको सहि :- दुध संकलकको सहि :- वडाअध्यक्षको सहि :-

# अनुसूची ४
# अनुदान रकम माग गर्दा लेख्ने निवेदनको नमुना

मिति:- ..............

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु ,
सुर्यगढ़ी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोकदे ,नुवाकोट

बिषय :- अनुदान रकम उपलब्ध गराई पाउँ |

महोदय,

प्रस्तुत विषयमा सादर निवेदन यो छ कि मैले /हाम्रो सस्थाको सुर्यगढ़ी गाउपलिका .........अन्तर्गत् ..........बजार टोल कृषकहरु बाट दुध संकलन गरि ..........अन्तर्गतको ............दुध चिस्यान केन्द्रलाई दुध विक्रि वितरण गदै आएको र मिति.......गते देखि मिति..........गते सम्म........महिनामा ........... डेरी ..................मा ......लिटर दुध बिक्रि गरेको रेकर्ड समेत वडा अध्यक्षबाट प्रमाणित गराई यसै निवेदन साथ् संलग्न गरि पेशगरेको छु | सुर्यगढ़ी गाउपालिका दुध उत्पादन कृषकहरुलाई प्रतिलिटर रु ५ का दरले अनुदान रकम दिने भन्ने नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार ............लिटर दुधको जम्मा रु ............अक्षेरुपि रु ..............मात्र........को नाममा निकासा गरि दुधउत्पादक कृषकहरुलाई अनुदान रकम वितरण कार्यमा सहयोग गरि दिन हुन् सादर अनुरोध गर्दछु |

निवेदक:
नामथर:
ठेगाना:
सही छाप:
खाता नं :-

आज्ञाले,
गणेश राम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत